प्रभु येशू खीष्टलाई पछ्याउनु

पाष्टरीय तालीम पुस्तिका

७

तालीम र वृद्धि

T&M ®

कोर्स प्रयोग गर्नको निम्ति सल्लाह

नयाँ विश्वासीलाई अध्ययनहरु एक एक गर्दै दिनोस् । तिनीहरुले घरमा अध्ययन गर्नेछन् अनि तपाईलाई भेट्नेछन्, सकेसम्म झुण्डमा भएर भेट्नेछन् । सात अध्ययनहरुमध्ये प्रत्येकले प्रभु येशू खीष्टका आधारभूत आज्ञाहरुलाई प्रयोगमा ल्याउन सहयोग पुऱ्याउँदछ । (चेलापनमा मदत पुगोस् भनेर, यिनीहरुलाई सातवटामा तयार पारिएको हो)। प्रभुका अरु आज्ञाहरु यिनै सातमध्ये कुनै एकमा पर्न आउँछ ।

- पाप क्षमा र पवित्र आत्मा (येशू को हुनुहुन्छ, उहाँले हाम्रो लागि के गर्नुभयो, विश्वासमा उहाँलाई पछ्याउन के गर्नुपर्छ सो थाह) पाउनलाई पश्चाताप र विश्वास गर्नोस् ।

- बप्तिस्मा लिनुहोस् (बप्तिस्माले जोड दिएको नयाँ जीवन जिउनुहोस्, पवित्र आत्मा को हुनुहुन्छ अनि उहाँले हाम्रो निम्ति के गर्नुभयो, त्यो थाह पाउनुहोस्)।

- परमेश्वरलाई, संगी-विश्वासीहरुलाई, परिवारलाई अनि हाम्रो छिमेकीलाई, साथै हाम्रा शत्रुहरुलाई पनि प्रेम गर्नोस् (अनि व्यवहारिक प्रेम देखाउन केही सेवकाइ गर्नोस्)।

- लगातार प्रभुभोजमा भाग लिनोस् (अनि खीष्ट र उहाँको मण्डलीसित नजीकको सम्बन्ध गाँस्नोस् जो प्रभुभोजले जोड दिने शिक्षा हो)।

- जीवित र सक्रिय विश्वाससँग प्रार्थना गर्नोस् अनि दिनहुँ परमेश्वरको वचनलाई मनन गर्नोस् (अनि येशूको नाउँमा अति पवित्र परमेश्वरको नजीक आउने महान अवसरलाई प्रयोग गर्नोस्)।

- दिने गरौं । कमाइ अनि अरु कुराहरु (एक विश्वासयोग्य अनि कठोर परिश्रम गर्ने भण्डारेको रुपमा परमेश्वरले हामीलाई दिनुभएको सबै कुराहरु, अर्थात वस्तु, समय अनि वरदानहरुको) दशांश दिने गरौं ।

- चेलाहरु बनाऔं (हाम्रा वचनहरु अनि उदाहरणद्वारा खीष्टको साक्षी बनौं अनि अरुहरुलाई प्रभुको आज्ञा पालन गर्न सिकाऔं)।

चित्रहरु चाहिँ अभिरुची जगाउनलाई हो । अध्ययन शुरु गर्नुभन्दा अघि तपाईको हरेक विद्यार्थीले हरेक चित्रको अर्थ बताउने प्रयास गरुन् ।

चित्रहरुको व्याख्या

- आफ्नो पुनरुत्थानपश्चात, प्रभु येशू खीष्टले चेलाहरुलाई आफ्ना हातहरु देखाउनु हुँदै (लूका २४)

- पेन्तिकोसको दिनमा चेलाहरुमा आगोका जिब्राहरु (प्रेरित २)

- यरीहोको बाटोमा पूजारीले चोट लागेको मानिसलाई वास्ता नगरी अर्को साइडबाट गएको । (असल सामारीको दृष्टान्त) (लूका १०)

- दाखको बोट जसका हामीहरु चाहिँ फल फलाउने हाँगाहरु हौं । (यूहन्ना १५)

- एक कर उठाउने व्यक्तिले मन्दिरमा क्षमा माग्दछ, तर धर्मी फरिसीले चाहिँ प्रार्थनामा आफ्नै प्रशंसा गर्दछ । (लूका १८)

- जब एक जवान मानिस उसित भएको सबै सम्पत्ति त्यागेर येशूलाई पछ्याउन तयार बन्दैन, तब येशूले भन्नुभयो– "धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ ।"

- अचम्म तौरले माछाहरु पक्रिए पछि, प्रभुले पत्रुसलाई मानिसहरुको जलाहारी हुनलाई दिनुभएको बोलावट निश्चित पार्नुभयो । (यूहन्ना २१)

हरेक अध्ययनको अन्तमा यसले भन्छ :

"अध्ययन र अभ्यासको काम गरियो"

_____ _____

(मिति) (शिक्षकको हस्ताक्षर)

तपाईले विद्यार्थीलाई जाँच्नु भए पछि, लाइनमाथि सही गर्नोस् अनि मिति लेख्नोस् :

- प्रश्नहरुको उत्तर ठीकसँग दिइएको छ ।

- पद कण्ठ गरेको छ ।

- अभ्यासको काम गरेको छ ।
  - आज्ञा पालन गरेको छ ।
  - चित्रहरु प्रयोग गरेर उसको परि वारलाई बाइबलको कथा भनेको छ ।

(यी कुराहरु गरेको चाल नपाइञ्जेल सही नगर्नोस् ।)

शिक्षकको निम्ति जानकारी पाना

शिक्षक_____

मण्डली वा झुण्ड_____

तलका सूचीहरुमा तपाईका विद्यार्थीहरुको नाउँ लेख्नोस् । जब कुनै पनि विद्यार्थीलाई जुन नम्बरको कोर्स दिनुहुन्छ, त्यही नम्बरमाथि एक वृत्त कोर्नोस् । अनि उसले जुन नम्बरको गृहकार्य गरेर फर्काउँछ, त्यही नम्बरमाथि "एक्स" चिन्ह कोर्नोस् ।

विद्यार्थीहरु	**अध्ययनहरु**						
जीवन सुब्बा	~~१~~	~~२~~	(३)	४	५	६	७
_____	१	२	३	४	५	६	७
_____	१	२	३	४	५	६	७
_____	१	२	३	४	५	६	७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

_____ १ २ ३ ४ ५ ६ ७

अध्ययन १

प्रभु येशू खीष्टलाई पछ्याउनु

त्यही दिन दुइ जना चेलाहरु यरुशलेमदेखि सात माइल टाडो इम्माउस भनिने गाउँतिर गइरहेका थिए, अनि उनीहरुले त्यसबेला घटेका घट्नाहरुको बारेमा एकाअर्कासँग बातचीत गरिरहेका थिए ।

जसै उनीहरु बातचीत र बहस गरिरहेका थिए, येशू स्वयं उनीहरुका नजीक पुग्नुभयो अनि उनीहरुसँग हिंड्नु भयो । उनीहरुले उहाँलाई देखे, तर कुनै पनि हालतमा उनीहरुले उहाँलाई ठिम्याउन सकेनन् । येशूले उनीहरुलाई भन्नुभयो, "तिमीहरु यसरी हिंड्दै गर्दा के कुरा गरिरहेका छौ ?"

उनीहरु उदास भएर टक्क अडिए । ती दुइमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, "के तपाई मात्र एक जना हुनुहुन्छ.... जसलाई यहाँ के भइरहेछ भन्ने कुरा थाहा छैन...?" उहाँले सोध्नुभयो, "कुन कुरा ?"

तिनीहरुले जवाफ दिए, "नासरतको येशूमाथि भएको कुरा । उहाँ एक अगमवक्ता हुनुहुन्थ्यो, अनि परमेश्वर र मानिसहरुका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो ।

तर हाम्रा मुख्य पूजाहारी र शासकहरुले उहाँलाई मृत्यु दण्ड दिए, अनि उहाँलाई क्रूसमा टाँगियो । इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा गरेका थियौं ।

"...हाम्रो दलका कोही कोही स्त्रीहरुले हामीलाई चकित बनाएका छन् । तिनीहरु आज बिहानै चिहानमा गए, तर येशूको शरीर भेट्टाएनन् । तिनीहरु आएर हामीहरुलाई सुनाए, 'हामीले स्वर्गदूतहरुलाई देख्यौं, जसले येशू जीवित हुनुहुन्छ भने'...।"

तब येशूले तिनीहरुलाई भन्नुभयो, "ए अबूझ मानिस हो, तिमीहरुका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरुले भनेका कुराहरु विश्वास गर्दैनौ उ के खीष्टले यी कष्टहरु भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र ?"

तब मोशा र सबै अगमवक्ताहरुबाट शुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरुको अर्थ तिनीहरुलाई खोलिदिनुभयो....

येशू तिनीहरुसँग खान बस्नुभयो, अनि उहाँले रोटी लिएर आशीर्वाद दिनुभयो, र भाँचेर तिनीहरुलाई दिनु लाग्नुभयो । तब तिनीहरुका आँखा खुले, र तिनीहरुले उहाँलाई चिने । अनि उहाँचाहिँ तिनीहरुका दृष्टिबाट अल्पिनुभयो । तिनीहरुले आपसमा भने, "उहाँ हामीसँग बाटोमा बातचीत गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र ?"

तिनीहरु त्यति नै बेला उठेर यरुशलेममा फर्के, र एघार चेला र तिनीहरुसँग जम्मा भएकाहरुलाई भेटे, र तिनीहरुलाई यसो भने, "प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ ।"

तिनीहरुले यी कुरा गर्दागर्दै येशू तिनीहरुका बीचमा खडा हुनुभयो, र भन्नुभयो, "तिमीहरु किन विचलित हुन्छौ, र तिमीहरुका हृदयमा किन शङ्का उत्पन्न हुन्छ ? मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर । किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरु देख्छौ, मेरा त छन् ।" (लूका २४:१३-५३)

बाइबलका यी पदहरुमा, येशूका चेलाहरु डराएका अनि विचलित भएका देखिन्छन् ।

येशूले के टिप्पणी गर्नुभयो ? (ठूला ठूला अक्षरमा छापिएका वाक्यांशलाई हेर्नोस्)

उत्तर : परमेश्वरको वचनले स्पष्ट रुपमा सिकाउने विषयमा उनीहरुको शङ्का, अनि विचलित मन ।

उहाँ साँच्चै परमेश्वर अनि साँच्चै मानिस हुनुहुन्छ भन्ने प्रमाणित गर्दै येशू ख्रीष्ट मृत्युबाट बौरी उठ्नु भयो ।

कण्ठ पार्नोस्

“तर यी लेखिएका छन्, कि तिमीहरुले येशू परमेश्वरका पुत्र, खीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस् ।”

(यूहन्ना २०:३१)

यो पदले सिकाउँदछ कि मृत्युबाट बौरी उठ्नुभएको येशू नै मसीह र _____ को पुत्र हुनुहुन्छ ।

तपाईले उहाँमा विश्वास गर्दा के पाउनुहुनेछ ?

_____

_____

_____

_____

के तपाईले शङ्का गर्नुहुन्छ ? वा विश्वाससाथ आफ्नो जीवन येशू खीष्टमा सुम्पनु हुनेछ ?

_____

अभ्यासको काम

- शङ्का गर्न छोडेर विश्वास गर्नुहोस्, खीष्टका सबै आज्ञाहरु पालन गर्दै उहाँमा आफ्नो सम्पूर्ण जीवन सुम्पनुहोस् ।

- जन्तर-मन्तर अनि टुनामुना सम्बन्धी सबै पुस्तक र थोकहरु साथै अन्य विश्वासका कुराहरु नष्ट पारिदिनु होस् । (प्रभु येशूले हाम्रो पूर्ण भक्ति चाहनु हुन्छ ।) यी कुराहरुसित भएका विगतका सबै नाताहरु तोडिदिनुहोस् अनि 'यी क्रियाकलापहरुको दुष्ट प्रभावबाट स्वतन्त्र पारि दिनु होस्' भनी प्रभुसँग प्रार्थना गर्नुहोस् ।

- तपाईको पश्चातापलाई अभ्यास गर्नोस् : उदाहरणको निम्ति, तपाईले कसैको मन दुखाउनु भएको भए, उसँग क्षमा माग्नोस् । खाँचोमा परेकाहरुलाई सहयोग गर्नोस् । चोरिएका सामानहरु फर्काउनोस् । केही झूट बोल्नु भएको भए मानिलिनोस् । अथवा, कुनै अफवाह फैलाउने काम गर्नुभएको भए सुधार्ने प्रयास गर्नोस्, इत्यादि ।

- चित्र प्रयोग गरेर, पुनरुत्थान पश्चात येशू आफ्ना चेलाहरुकहाँ देखा पर्नुभएको घट्नाबारे आफ्नो परिवार अनि मित्रहरुलाई बताउनोस् ।

अध्ययन र अभ्यासको काम गरियो

_____ _____

(मिति) (शिक्षकको हस्ताक्षर)

अध्ययन २

प्रभु येशू खीष्टलाई पछ्याउनु

पवित्र आत्माको वरदान

जब पेन्तिकोसको दिन आइपुग्यो, सबै विश्वासीहरु एकै ठाउमा भेला भएका थिए । अचानक स्वर्गबाट ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरु बसेको पूरा घरै भरिदियो । तब तिनीहरुकहा आगोका जिब्राहरुजस्ता देखा परे, र तिनीहरुलाई छोए । उनीहरु सबै पवित्र आत्माले भरिए, अनि आत्माले तिनीहरुलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरु अन्य भाषाहरुमा बोल्न लागे ।

त्यहाँ यरुशलेममा संसारका कुना कुनाबाट आएका धार्मिक यहूदीहरु थिए । जब उनीहरुले यो भीडले बोलेका सुने, उनीहरु उत्साहित भए, किनकि तिनीहरु प्रत्येकले आ-आफ्नै भाषामा ती विश्वासीहरु बोलिरहेका सुने । बढो आश्चर्यचकित र अचम्म मानेर भन्न लागे, “के यी बोल्नेहरु सबै गालीलीहरु होइनन् र ? त कसरी तिनीहरु हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौं ? हामीहरु यहाँ पार्थी, मादी, एशियाका, मिश्रका, लिबियाका, रोमका बासिन्दाहरु छौं । तरै पनि, परमेश्वरले गर्नुभएको महान कामबारे हामी हाम्रै भाषामा सुन्न पाइरहेका छौं उ” ...तर अरुहरुले चाहिँ “यिनीहरु मातेका छन्” भन्दै विश्वासीहरुको हाँसो गरे ।

तब पत्रुस एघार जनासँग खडा भएर उच्च सोरमा तिनीहरुलाई भने, “मित्रहरु हो, अनि यरुशलेमका बासिन्दा हो, मलाई सुन्नुहोस् अनि म यसको अर्थ तपाईहरुलाई खोल्ने छु । तपाईहरुले ठान्नुभएझैं यी मानिसहरु मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्र बजेको छ । तर योएल अगमवक्ताद्वारा भनिएको कुरा यही हो, “आखिरी दिनहरुमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरुमाथि मेरा आत्मा खन्याइदिनेछु....”

हे सबै इस्राएली हो, तपाईहरु यो कुरामा निश्चित हुनुहोस् कि यही येशू जसलाई तपाईहरुले क्रूसमा टाँग्नुभयो उहाँलाई परमेश्वरले प्रभु र मसीह बनाउनु भयो । यो कुरा सुनेर तिनीहरुको हृदय छियाछिया भयो, पत्रुस र अरु प्रेरितहरुलाई तिनीहरुले भने, “ए भाइ हो, हामीले के गर्ने ?”

पत्रुसले उनीहरुलाई भने, “पश्चाताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले परमेश्वरको वरदान अर्थात पवित्र आत्मा पाउनेछौ । किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र टाडा टाडामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।” (प्रेरित २)

यो पद्यांशको पहिलो भागमा हामी परमेश्वरले चेलाहरुलाई कसरी पवित्र आत्माले भरेर आशिष दिनुभयो भन्ने बारेमा पढ्न पाउँछौं । पवित्र आत्मा स्वयं परमेश्वर हुनुहुन्छ, जो आफ्ना सन्तानभित्र बास गर्नुहुन्छ । उहाँको आफ्नै सम्पत्तिको रुपमा छाप लाउनुहुन्छ अनि शैतानलाई विरोध गर्ने सामर्थ्य र उहाँको सेवा गर्ने शक्ति, वरदान र फल दिनुहुन्छ ।

के तपाईले आफ्नो जीवनमा यो दान पाउनु भएको छ ?

_____

माथि पढिएको खण्डको अन्ततिर, उद्धार पाउनको लागि के गर्नैपर्छ भनी पत्रुसले मानिसहरुलाई सल्लाह दिएका थिए ?

_____

_____

प्रेरित पत्रुसले के गर्नुपर्छ भनी सल्लाह दिए, त्यसलाई राम्ररी बुझौं ।

१. परमेश्वरतर्फ फर्क

पत्रुसले हामीलाई पश्चाताप गर्नको लागि आव्हान गर्नुभएको छ। पश्चातापको अर्थ हृदयको परिवर्तन हुनु हो। पापबाट फर्केर उहाँको सेवा गर्नलाई परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ।

२. बप्तिस्मा लेओ

पत्रुसले हामीलाई पानीद्वारा बप्तिस्मा लिनलाई आव्हान गरेका छन्। रोमी ६ मा बप्तिस्माले दुइ कुराहरु बुझाएको हामी पाउँछौं। पहिलो, हामी उहाँको मृत्युमा खीष्टसँग गाँसिएका छौं। हामी हाम्रो पापको लेखि मरेका छौं। दोस्रो, हामी उहाँसँगै एउटा नयाँ अनि पवित्र जीवनमा ब्युँतेका छौं।

"...जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं।"

(रोमी ६:३)

बप्तिस्माले एक जना विश्वासीलाई के निश्चय गराउँछ भने ऊ पापको लेखि ख्रीष्टसँगै मरेको छ, अनि परमेश्वर को दृष्टिमा उहाँसंगै मृत्युबाट बौरी उठेको छ ।

"तर यदि हामी ख्रीष्टसंग मरेका छौं भनेता उहाँसंग जिउने पनि छौं ।" (रोमी ६:८)

३. पवित्र आत्मा लेओ

हामी परमेश्वरलाई हाम्रो हृदय सुम्पन्छौं । पश्चाताप गर्ने नयाँ विश्वासीहरुको निम्ति पत्रुसले पवित्र आत्माको वरदान प्रतिज्ञा गर्नुभयो । हामीभित्र बास गर्नुहुने पवित्र आत्माद्वारा हामीले नयाँ जन्म पाएका छौं । विश्वासद्वारा हामीले पवित्र आत्मा ग्रहण गर्दछौं । (यूहन्ना १४:१६-१८, गलाती ३:१-६) *"जसरी ख्रीष्टलाई तिमीहरुलै ग्रहण गऱ्यौ, त्यसरी नै उहाँमा जीवन बिताओ ।"* (कलस्सी २:६)

खीष्टसित गाँसिएर जिउनु भन्नाले जसै हामीले खीष्टको उदाहरण पछ्याउँछौं, हामीले पवित्र आत्माद्वारा अगुवाइ पाउँदछौं ।

अभ्यासको काम

- पवित्र आत्माको शक्तिद्वारा परमेश्वरले तपाईलाई भर्नुहुन्छ अनि तपाईको जीवनलाई अगुवाइ गर्नुहुन्छ भनेर प्रार्थना गर्नोस् ।

- पत्रुसले देखाएको तीन कुराहरु अनि उदाहरणलाई प्रयोग गरेर तपाईको परिवार अथवा आफन्तहरुसंग बातचीत गर्नोस् अनि उनीहरुलाई प्रभुमा फर्कन आव्हान गर्नोस् । बप्तिस्मा लिनोस् अनि पवित्र आत्माको आशिष ग्रहण गर्नोस् ।

अध्ययन र अभ्यासको काम गरियो

_____ _____

(मिति) (शिक्षकको हस्ताक्षर)

टिप्पणीहरु

अध्ययन ३

प्रभु येशू खीष्टलाई पछ्याउनु

तपाईको छिमेकी र तपाईको शत्रुलाई प्रेम गर्नोस् ।

व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खडा भए, र यो प्रश्न गरे, “गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ ?”

येशूले तिनलाई भन्नुभयो, “व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढ्यौ ?”

त्यो मानिसले उत्तर दियो, “तैंले परमप्रभु, आफ्ना परमेश्वर लाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र छिमेकीलाई आफैलाई झैं प्रेम गर् ।”

येशूले भन्नुभयो, “तिमीले ठीक जवाफ दियौ । त्यसै गर, र तिमी जिउनेछौ ।” तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, “मेरो छिमेकीचाहिँ को हो त ?”

येशूले जवाफ दिनुभयो, “एक जना मानिस यरुशलेमबाट यर ीहोतिर जाँदैथियो । त्यो डाँकूहरुको फेला पऱ्यो । तिनीहरुले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोडेर गए ।

संयोगले एउटा पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो । त्यसै गर ी एउटा लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो ।

तर एउटा सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो । र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरुमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाहा गऱ्यो ।

भोलिपल्ट उसले दुइ चाँदीका सिक्का पौवाको मालिकलाई दिएर भन्यो, “यिनको हेरचाहा गर, र अरु बढी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु ।”

अनि येशूले अन्त्याउनु भयो, “तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरुका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो ?”

व्यवस्थाको पण्डितले भन्यो, “त्यस मानिसमाथि दया देखाउनेचाहिँ ।” तब येशूले भन्नुभयो, “जाऊ, तिमी पनि त्यसै गर ।” (लूका १०:२५-३७)

कसरी प्रेमले परमेश्वरका सबै व्यवस्थाहरु पूरा गर्दछ भनी पावलले व्याख्या गरेका छन् :

“तैंले व्यभिचार नगर्, तैंले हत्या नगर्, तैंले चोरी नगर्, तैंले लोभ नगर्”– यी आज्ञाहरु बाहेक, र अरु जति आज्ञा छन् ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात “तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर् ।” जसले आफ्नो छिमेकीलाई प्रेम गर्दछ, उसले छिमेकीको कुभलो कहिल्यै चिताउँदैन । यसकारण, प्रेम गर्नु भनेको सम्पूर्ण व्यवस्था पालन गर्नु हो ।

(रोमी १३:९-१०)

सबैभन्दा बढी, येशू र प्रेरितहरुले उनीहरुको वचन र कामद्वारा प्रेमलाई उच्चत्तम प्रमुखता दिएका थिए। पहिला, परमेश्वर लाई प्रेम गर, त्यसपछि अरुहरुलाई।

के तपाईको जीवनलाई इसाई प्रेमले शासन गरेको चाहनु हुन्छ ? _____

इमान्दार प्रेम हाम्रा हृदयमा फलेको परमेश्वरको आत्माको फल हो। केवल पवित्र आत्माले भरिएको इसाईले मात्र उसलाई चोट पुऱ्याउने अनि नराम्रो व्यवहार गर्ने आफ्ना शत्रुहरुलाई प्रेम गर्नसक्छ। केवल परमेश्वरले मात्र यो बलिदानले पूर्ण प्रेम दिनसक्नुहुन्छ। प्रेरित पावलले एफिसी ४:३२ मा आज्ञा गर्नुभएको छ– *"जसरी परमेश्वरले खीष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्काप्रति कोमल मनका र दयालु होओ।"*

यदि कसैले तपाईलाई नराम्रो व्यवहार गरे उसलाई क्षमादान गर्न र प्रेम देखाउन के के गर्ने योजना गर्नुभएको छ ? (कुनै खास घटनाबारे सोंच्नुहोस्)।

तपाईको परिवारप्रति प्रेम देखाउन तपाईले के गर्नसक्नु हुन्छ ? (कुनै व्यावहारिक उपाय सोंच्नु होस्।)

यूहन्ना १४:१५ मा येशूले भन्नुभयो: "तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।" प्रेममा सबै आज्ञाहरु रहेको हुन्छ (रोमी १३:९)। जसले प्रभुलाई प्रेम गर्छ, उसले सत्य बोल्छ, (झूट बोल्दैन), इमान्दारसंग काम गर्छ, (चोर्दैन), पवित्र जीवन जिउँछ, (व्यभिचार गर्दैन), परमेश्वरले उसलाई दिनुभएको कुरामा सन्तुष्ट बन्दछ (लोभ गर्दैन), इत्यादि ।

येशू खीष्टलाई इमान्दारपूर्वक प्रेम गर्नुहुन्छ भनेर कसरी अभिव्यक्त गर्नुहुन्छ ? (उहाँलाई महिमा दिने कुनै विशेष कुरो)

कन्ठ पार्नोस् ।

येशूले जवाफ दिनुभयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सार ा समझले प्रेम गर्नू ।" महान र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै प्रमुख छ : "तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू ।"

(मत्ती २२:३७-३९)



अभ्यासको काम

- तपाईको परिवार अथवा कुनै मित्र अथवा शत्रुलाई तपाईको प्रेम प्रदर्शन गर्ने केही कुरो गर्नुहोस् (तपाईले अघि कहिल्यै नगर्नुभएको केही व्यावहारिक कुराहरु गर्ने प्रयास गर्नोस्)

- चित्र प्रयोग गरेर तपाईको परिवार लाई असल सामरीको कथा भन्नुहोस् ।

अध्ययन र अभ्यासको काम गरियो

_____ _____

(मिति) (शिक्षकको हस्ताक्षर)

अध्ययन ४

प्रभु येशू खीष्टलाई पछ्याउनु

प्रभुभोजमा सहभागी हुनुहोस्

येशूले भन्नुभयो, साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन बढी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। मैले तिमीहरुलाई भनेको वचनले तिमीहरु अघि नै शुद्ध भइसकेका छौ। ममा रहो, र म तिमीहरुमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरु ममा रहेनौ भने तिमीहरुले पनि सक्दैनौ।

"दाखको बोट म हुँ, तिमीहरुचाहिँ हाँगाहरु हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केही गर्न सक्दैनौ। कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरु मानिसहरुले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। तिमीहरु ममा रह्यौ भने, र मेरा कुरा तिमीहरुमा रहे भने, तिमीहरुलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरुका निम्ति गरिनेछ। तिमीहरुले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गऱ्यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। (यूहन्ना १५:१-८)

(प्रेरित पावल भन्छन्) "प्रभुबाट मैले पाएँ, सो तिमीहरुलाई सुम्पिदिएँ, अर्थात जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, 'यो तिमीहरुका निम्ति मेरो शरीर हो। यो मेरो सम्झनाको निम्ति गर।' त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, 'यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो। जहिले जहिले तिमीहरु यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर।' किनभने जहिले जहिले तिमीहरु यो रोटी खान्छौ र यस कचौरा बाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरु प्रभुको मृत्युको घोषणा गर्दछौ।"

यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र र गतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ। हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस्। किनकि प्रभुको शरीरलाई नचिनीकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ। (१ कोरन्थी ११:२३-२९)

प्रभुभोजमा रोटी भन्नाले के बुझिन्छ ?

कचौरा भन्नाले ?

धर्मशास्त्रको पढाइअनुसार, सुयोग्य सहभागी हुनको लागि, र ोटी र कचौराबाट पिउनुभन्दा अघि हामीले के गर्नु जरुरी छ ?

प्रभुभोजले खीष्टसित अनि खीष्टमा हामीहरुको एकत्व छ भन्ने बुझाउँछ । (१ कोरन्थी १०:१६-१७) हामीले यो एकत्वलाई उहाँको आज्ञा पालनद्वारा कायम राखिराख्न सक्छौं ।

खीष्टले भन्नुभयो कि उहाँ दाखको बोट हुनुहुन्छ, अनि हामीहरु चाहिँ हाँगाहरु हौं । उहाँले भन्नुभएअनुसार हामीले धेरै फल फलाउन हामीले के गर्नैपर्दछ ?

हामी उहाँमा रहिरहेनौ भने के हुन्छ ?

हामीले फल फलाउनु भनेको चाहिँ प्रेममा उहाँको आज्ञा पालनको नतिजा हो ।

प्रभु येशूले आफ्ना चेलाहरुलाई दिनुभएका सात आधारभूत आज्ञाहरुको हामी अवलोकन गरौं ।

१. पापको पश्चाताप गर्ने, विश्वास गर्ने अनि पवित्र आत्मा ग्रहण गर्ने (मर्कूस १:१५, यूहन्ना २०:२२)

२. बप्तिस्मा लिने (मत्ती २८:१९)

३. प्रेम गर्ने (मत्ती २७:३७-३९)

४ं प्रभुभोजमा सहभागी हुने (लूका २२:१९-२०)

५. प्रार्थना गर्ने (मत्ती ६:९-१३)

६. दिने (लूका ६:३८)

७. चेलाहरु बनाउने (मत्ती २८:१९)

यी आज्ञाहरुमध्ये कुन चाहिँ अति मुख्य छ ? _____

येशूले भन्नुभयो, *"तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।"* (यूहन्ना १४:१५)

कन्ठ पार्नोस् ।

"अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरुलाई यसो भन्दै दिनुभयो, 'तिमीहरुका निम्ति यो दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर' ।" (लूका २२:१९)

अभ्यासको काम

- तपाईको मण्डलीसँग प्रभुभोजमा निरन्तर सहभागी बन्नोस्, अनि हरेक दिन खीष्टसित नजीक भएर हिंड्नोस् ।

- तपाईको परिवार अथवा मित्रहरुलाई चित्र देखाएर येशूको दाखको बोटको बारेमा भन्नुहोस् ।



अध्ययन र अभ्यासको काम गरियो

_____ _____

(मिति) (शिक्षकको हस्ताक्षर)

टिप्पणीहरु

अध्ययन ५

प्रभु येशू खीष्टलाई पछ्याउनु

विश्वाससंग दिनहुँ प्रार्थना गर्ने अनि परमेश्वरको वचन मनन गर्ने

उनीहरुले सधैं प्रार्थना गर्न कहिल्यै निरुत्साहित नहोऊन् भनेर येशूले तिनीहरुलाई यो दृष्टान्त भन्नुभयो ।

"कुनै एउटा शहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एउटा न्यायाधीश थिए । त्यसै शहरमा एउटी विधवा थिई । त्यो तिनीकहाँ आइरहन्थी, र भन्थी, 'मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस् ।' तिनले केही समयसम्म त मानेनन्, तर पछिबाट तिनले आफ्नो मनमा भने, 'म परमेश्वरको डर मान्दिनँ । मानिसको वास्ता पनि गर्दिनँ । तर यस विधवाले मलाई हैरान पारेकी हुनाले म त्यसको न्याय गरिदिनेछु, नत्रता त्यो एकोहोरो आएर मलाई वाक्क बनाउनेछे'।"

अनि प्रभुले भन्नुभयो, "सुन, ती अधर्मी न्यायाधीशले के भन्दछन् । के परमेश्वरले उहाँलाई रातदिन पुकार्ने आफ्ना चुनिएकाहरुको न्याय गरिदिनुहुन्न त ? के उहाँले तिनीहरुका निम्ति बियाँलो गर्नुहुन्छ र ? म तिमीहरुलाई भन्दछु, उहाँले

चाँडै नै तिनीहरुको न्याय गरिदिनुहुनेछ। तापनि मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र ?"

आफैमाथि भरोसा राख्नेहरु र आफैलाई धर्मी ठानी अरुहरुलाई तुच्छ ठान्नेहरु कसै-कसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो : "दुइ जना मानिस प्रार्थना गर्न मन्दिरमा गए– एक जना फरिसी र अर्कोचाहिँ कर उठाउने। फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गऱ्यो, 'हे परमेश्वर, म तपाईलाई धन्यवाद दिन्छु, म अरु मानिसहरुजस्तो धुताहा, अन्यायी, व्यभिचारी, अथवा यही कर उठाउनेजस्तो पनि छैनँ। म हप्तामा दुइ पल्ट उपवास बस्तछु। मैले पाएका सबै थोकको दशांश म दिन्छु।

तर कर उठाउनेचाहिं टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिटयो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् उ' म तिमीहरुलाई भन्दछु, योचाहिं मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो। किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ।"
(लूका १८:१-१४)

सहायताको लागि विधवाले न्यायाधीशसंग सधैं बिन्ती चढाइर हिन् । १ थिस्सलोनिकी ५:१७ ले हामीलाई "निरन्तर" प्रार्थना गरिरहने सल्लाह दिन्छ । प्रभुको प्रार्थनामा, खीष्टले हामीलाई हाम्रो दैनिक रोटीको निम्ति प्रार्थना गर्न सिकाउनु भएको छ ।

के तपाईले दिनहुँ परमेश्वरको अघि प्रार्थना गरिरहनको निम्ति आफूलाई समर्पित गर्नुहुन्छ ?

_____

के तपाईले आफ्नो परिवारसंग दिनहुँ प्रार्थना गर्नुहुन्छ ?_____

फरिसीले विश्वासमा होइन, तर घमण्डसंग प्रार्थना गऱ्यो । कर उठाउनेले परमेश्वरको अघि आफैलाई नम्र तुल्यायो ।

कसरी हामी प्रार्थनाद्वारा परमेश्वरको उपस्थितिमा आउन सक्छौं ? कसरी हामी राजाहरुको राजाकहाँ पुग्न सक्छौं ?

☐ रिसाएको साँढेले झैं, हाम्रा खाँचोहरुलाई बढी जोड दिएर

☐ थुमाहरु झैं, नम्रतामा, तर विश्वासमा ढुक्क भएर

येशूले भन्नुभयो कि जसले आफैलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ ।

कुन चाहिँ प्रार्थना परमेश्वरले सुन्नुभयो ?

- ☐ फरिसीको घमण्डी प्रार्थना
- ☐ पापीको नम्र प्रार्थना

पापक्षमाको निम्ति गरिएको बिन्ती परमेश्वरले सुन्नुहुन्छ ।

हाम्रा दैनिक प्रार्थनामा के के समावेश हुनु जरुरी हुन्छ ?

- ☐ धन्यवाद दिनु
- ☐ हाम्रा पापहरु परमेश्वरमा स्वीकार गर्नु अनि उहाँको क्षमादानको निम्ति धन्यवाद दिनु
- ☐ प्रशंसा र आराधना (बोलेर वा गाएर)
- ☐ अन्तर्बिन्ती (अरुहरुको निम्ति अनि आफ्नै निम्ति)

यी सबै प्रार्थनाका तत्त्वहरु हुन् ।

तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, *"तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरुलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस् ।"* येशूले जवाफ दिनुभयो, *"मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।"* (मत्ती ४:३,४)

एक इसाईले दिनहुँ परमेश्वरको वचन पढ्छ र मनन गर्दछ । त्यसरी नै उसले आफ्नो जीवनको लागि परमेश्वरको इच्छा बुझ्दछ । दिनहुँ अलि अलि गर्दै नयाँ करारबाट पढ्न शुरु गर्नोस् ।

के तपाईलै दिनहुँ परमैश्वरकौ वचन पढ्न र मनन गर्न आफूलाई समर्पित गर्नुभयौ ? _____

प्रेरित पावलले लेखे: *"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ । ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"*

(२ तिमोथी ३:१६-१७)

वचनहरु कण्ठ गर्ने प्रयास गर्नोस् । यसो गर्दा अरुसंग साक्षी बाँड्ने काममा तपाईलाई सहयोग मिल्नेछ । राजा दाऊदले भजनहरुमा भने : *"तपाईको विरुद्धमा पाप नगरुँ भनेर, तपाईको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।"* (भजन ११९:११)

कन्ठ पार्नोस् ।

"हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । तपाईको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् ।"

(मत्ती ६:९-१३)

अभ्यासको काम

- हरेक दिन प्रार्थना गर्नोस्, र तपाईको परिवारलाई त्यसै गर्न सिकाउनु होस् ।



- चित्र प्रयोग गरेर, तपाईको परिवार र मित्रहरुलाई खुर न्धार लाग्ने विधवा अनि फरिसी र महसूल उठाउनेको दृष्टान्त भनिदिनोस् ।

अध्ययन र अभ्यासको काम गरियो

_____ _____

(मिति) (शिक्षकको हस्ताक्षर)

अध्ययन ६

प्रभु येशू खीष्टलाई पछ्याउनु



आनन्दपूर्वक दिनुहोस्

भीडबाट एक जनाले उहाँलाई भन्यो, “गुरु, मेरा दाज्यूलाई भनिदिनोस्, र तिनले हाम्रा पिताले हामीलाई छोडिदिनुभएको अंशबन्डा गरिदिऊन् ।”

येशूले त्यसलाई भन्नुभयो, “मित्र, कसले मलाई तिमीहरुमाथि न्याय गर्ने अथवा तिमीहरुको सम्पत्ति बाँडिदिने तुल्यायो ?” अनि उहाँले तिनीहरुलाई भन्नुभयो, “होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन ।”

तब येशूले तिनीहरुलाई यो दृष्टान्त भन्नुभयो, “कुनै एउटा धनी मानिसको जमीनमा प्रशस्त उब्जनी भयो । त्यसले मनमनै गुन्न लाग्यो, ‘मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरुँ ?’ तब त्यसले भन्यो, ‘म यसो गर्नेछु– आफ्ना ढुकुटीहरु भत्काएर झन ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालताल त्यहीँ राख्नेछु । अनि म आफ्नो प्राणलाई भन्नेछु, ‘ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ । सुख-चैनमा बस् । खा, पि, र मोज गर्’ ।”

तर परमेश्वरले त्यसलाई भन्नुभयो, “ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरु तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने ?”

अनि येशूले यसरी अन्त्याउनु भयो, “आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ ।”

(लूका १२:१३-२१)

कोही एउटा शासकले येशूलाई सोधे, “हे असल गुरु, अनन्त जीवन पाउनलाई म के गरुँ ?”

येशूले तिनलाई भन्नुभयो, “तिमी मलाई किन असल भन्दछौ ? एक परमेश्वरबाहेक कोही असल छैन । तिमी आज्ञाहरु त जान्दछौ : ‘व्यभिचार नगर्नू, हत्या नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, आफ्ना बाबु र आमाको आदर गर्नू ।’ तिनले भने, “यी सब त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु ।”

यो सुनेपछि येशूले तिनलाई भन्नुभयो, “तिमीलाई अझ एक कुराको अभाव छ। तिमीसँग भएका जे जति छन् ती सबै बेचेर गरीबहरुलाई बाँडिदेऊ, र तिमीलाई स्वर्गमा धन हुनेछ, र आऊ, र मेरो पछि लाग।” तर यी कुरा सुनेर ती शासक अति उदास भए, किनभने तिनी अत्यन्त धनी थिए। अनि येशूले तिनलाई उदास देखेर भन्नुभयो, “धन-सम्पत्ति हुनेहरुलाई परमेश्वरको राज्यभित्र प्रवेश गर्नु अति गाह्रो छ, किनभने धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नुभन्दा त ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुन्छ।”

अनि सुन्ने मानिसहरुले उहाँलाई सोधे, “तब कसको उद्धार हुन सक्छ त ?”

येशूले भन्नुभयो, “मानिसहरुका लागि जे असम्भव छ, त्यो परमेश्वरको लागि सम्भव छ।” तब पत्रुसले भने, “हेर्नुहोस्, आफ्नो घरद्वार छोडेर हामी तपाईको पछि लागेका छौं।” तब उहाँले तिनीहरुलाई भन्नुभयो, “साँच्चै म तिमीहरुलाई भन्दछु, जसले घर वा पत्नी, वा दाज्यू-भाइ वा आमाबाबु, अथवा छोराछोरीलाई परमेश्वरको राज्यको निम्ति त्याग्छ, त्यसले यसै समयमा धेरै बढी प्रतिफल पाउनेछ र आउने युगमा अनन्त जीवन प्राप्त गर्नेछ।” (लूका १८:१८-३०)

किन खीष्टले धनी मानिसलाई “मूर्ख” भन्नुभयो ?

त्यो धनी मान्छेले येशूलाई भन्दा बढी केलाई प्रेम गरे ?

किन धनी मानिसलाई स्वर्गमा प्रवेश गर्न गाह्रो पर्दछ ?

के तपाईको सम्पत्तिले तपाईलाई खतरामा पार्नसक्ला ? _____

धेरै कुरो हासिल गर्न खोज्दा येशूलाई बिर्सन सकिन्छ। प्रेरि तहरुले हामीलाई दिनको निम्ति भने, हामीले दिन पर्ला कि भनेर होइन, तर खुशीसाथ दिनुपर्दछ। परमेश्वरले खुशीसाथ दिनेलाई मन पराउनुहुन्छ। उहाँले उदारचित्तले दिनेलाई आशिष दिनुहुन्छ। (२ कोरन्थी ९:६-९) के तपाईले खुशीसाथ दिनुहुन्छ ?

तपाईको योजनाहरु नोट गर्नुहोस् :

“अनि उहाँ मन्दिरको भेटी चढाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीडले भेटी-पात्रमा भेटी चढाएको हेर्नुभयो । धेरै धनी मानिसहरुले ठूला ठूला रकम चढाए । अनि एउटी गरीब विधवाले आएर तामाका दुइ सिक्का, अर्थात एक पैसा चढाई । आफ्ना चेलाहरुलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरुलाई भन्नुभयो, “साँच्चै म तिमीहरुलाई भन्दछु, भेटी पात्रमा चढाउनेहरुमध्ये यस गरीब विधवाले सबैभन्दा बढी चढाई । किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढाए, तर यस स्त्रीले चाहिं आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी ।” (मर्कूस १२:४१-४४)

‘दिएर उ’ उब्रेको अनुसार येशू खीष्टले हाम्रो भेटीलाई नाप्नुहुन्छ । परमेश्वरले हामीलाई तब आशिष दिनुहुन्छ जब:

☐ हामीले प्रेममा खुशीसाथ दिन्छौं ।

☐ हामीले प्रेममा खुशीसाथ दिन्छौं ।

कन्ठ पार्नोस् ।

“देओ, र तिमीहरुलाई पनि दिइनेछ । मानिसहरुले प्रशस्त परिणाममा खाँदी खाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरुको पोल्टामा राखिदिनेछन् । किनकि जुन नापले तिमीहरु दिन्छौ, त्यही नापमा तिमीहरुले पनि फिर्ता पाउनेछौ ।”

(लूका ६:३८)

अभ्यासको काम

- भेटीहरु, दशांशहरु, अरु सहयोग, समय, इत्यादि खुशीसाथ अनि उदारचित्तले दिनोस्, अनि तपाईको परिवारलाई पनि यसै गर्न सिकाउनोस् । हामीले स्थानीय मण्डलीको कामको निम्ति, मिसनेरी कामको निम्ति अनि खाँचोमा परेकाहरुका निम्ति दिनुपर्छ ।

- चित्रहरु देखाउँदै, धनी मूर्खको दृष्टान्त अनि त्यो मानिस जो आफ्नो धनको कारण येशू ख्रीष्टलाई पछ्याउन मान्दैन, तिनीहरुको कथा भनिदिनोस् ।

टिप्पणीहरु:

अध्ययन र अभ्यासको काम गरियो

(मिति) (शिक्षकको हस्ताक्षर)

अध्ययन ७

प्रभु येशू खीष्टलाई पछ्याउनु



येशू खीष्टको निम्ति चेलाहरु बनाउनु

उहाँले डुङ्गामा बसेर भीडलाई शिक्षा दिन लाग्नुभयो । बोलिसक्नुभएपछि, उहाँले सिमोनलाई भन्नुभयो, “गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान ।”

तर सिमोनले भने, ‘गुरुज्यू, हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, तापनि तपाईको वचनअनुसार म जाल हान्नेछु ।’ अनि जब त्यसो गरे, तब तिनीहरुले एक थुप्रो माछा पक्रे, र तिनीहरुका जाल फाट्न लागे । तिनीहरुले अर्को डुङ्गामा भएका साझेदारहरुलाई आएर गुहार गर्ने इशारा गरे, र आएर तिनीहरुले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरु डुब्न लागे ।

तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, “हे प्रभु, मबाट जाइजानुहोस्, किनभने म पापी मानिस हुँ । यतिका माछा पक्रेको देखेर तिनी र तिनको साथमा हुनेहरु सबैले साह्रै अचम्म माने । त्यसै गरी जब्दियाका छोराहरु याकूब र यूहन्ना पनि छक्क परे । तिनीहरु सिमोनसँग साझेदार थिए । येशूले सिमोनलाई भन्नुभयो, “नडराऊ, अब उप्रान्त तिमीले मानिसहरुलाई पक्रनेछौ ।” (लूका ५:१-११)

तब येशू डाँडामा उक्लनुभयो, र उहाँले चाहनुभएका जतिलाई बोलाउनुभयो, र तिनीहरु उहाँकहाँ आए । उहाँले बाह्र जनालाई छान्नुभयो जसलाई उहाँले प्रेरितहरु भन्नुभयो । "मैले तिमीहरुलाई मसँग रहन भनी छानें । म तिमीहरुलाई प्रचार गर्न पठाउने छु, अनि तिमीहरुसँग भूतहरु निकाल्ने अधिकार हुनेछ" भनी प्रभुले तिनीहरुलाई भन्नुभयो ।

ती बाह्र प्रेरितहरु यी नै हुन् : सिमोन (जसको नाउँ उहाँले पत्रुस राख्नुभयो), जब्दियाका छोरा याकूब र याकूबका भाइ यूहन्ना । (उहाँले तिनीहरुलाई बोअनर्गेश, अर्थात गर्जनका छोराहरु भन्ने नाउँ दिनुभयो ।) आन्द्रियास, फिलिप, बार थोलोमाइ, मत्ती, थोमा, अल्फयसका छोरा याकूब, र थेदियस, सिमोन कनानी, र यहूदा इस्करयोत जसले उहाँलाई धोखा दियो । (मर्कूस ३:१३-१९)

येशूले भन्नुभयो.... "एउटा नयाँ आज्ञा म तिमीहरुलाई दिँदछु : तिमीहरु एक-अर्कालाई प्रेम गर । तिमीहरुसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरुले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर । यदि तिमीहरुले एकाअर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछने, कि तिमीहरु मेरा चेलाहरु हौ ।" (यूहन्ना १३:३१-३५)

पुनरुत्थान पछि

ती एघारै जना चेलाहरु गालीलको त्यस डाँडामा गए, जहाँ येशूले तिनीहरुलाई जाने आदेश दिनुभएको थियो । तिनीहरुल उहाँलाई देखेर दण्डवत गरे, तर कतिले चाहिँ शंका गरे । तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुको साथमा छु ।" (मत्ती २८:१६-२०)

किन पत्रुसले नौकामा हुँदा येशू खीष्टको अगिल्तिर घुँडा टेकेका थिए ?

त्यस समयदेखि उसो कस्तो प्रकारको "माछा" पत्रुसले समात्नु पर्थ्यो ?

जस्तै मूल्य चुकाउनु परे तापनि, उहाँका आज्ञाहरु पालन गर्दै, अनि एकाअर्कालाई प्रेम गर्दै, उहाँलाई पछ्याउनको निम्ति प्रभु येशू ख्रीष्टले आफ्ना चेलाहरुलाई आज्ञा गर्नुभयो ।

तपाईले चाहिं कसलाई ख्रीष्टको आज्ञाकारी चेला बनाउन चाहनुहुन्छ ? तपाईले चेला बनाउन चाहनुभएका दुइ वा तीन आफन्त वा साथीहरुको नाउँ लेख्नोस् ।

_____

_____

_____

_____

कन्ठ पार्नोस् ।

येशूले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर ।"

(मर्कूस १६:१५)

जब तपाईले साक्षी दिनुहुन्छ, सुसमाचारका यी तीनवटा तत्त्वहरुलाई बुझाउने प्रयास गर्नोस्–

१. प्रभु येशू खीष्टको जीवन, उहाँका आश्चर्यकर्महरु अनि उहाँको शिक्षा ।

२. हाम्रो पापको निम्ति उहाँको मृत्यु, अनि उहाँको पुनरुत्थानद्वारा हामीलाई नयाँ जीवन दिनु हुने ।

३. पाप क्षमा अनि पवित्र आत्मा पाउन प्रभु येशू खीष्टमाविश्वास गर्नुपर्ने अनि पश्चाताप गर्नु पर्ने ।

अभ्यासको काम

- कसरी येशूले आफ्ना चेलाहरु बोलाउनु भयो, चित्रहरु देखाएर, आफ्ना परिवार अनि मित्रहरुलाई बताइदिनोस् ।

- मित्रहरुलाई साक्षी बाँड्नोस्, अनि नयाँ विश्वासीहरुलाई उहाँका आज्ञाहरु मान्न सहयोग गर्नोस् ।

टिप्पणीहरु:

अध्ययन र अभ्यासको काम गरियो

(मिति) (शिक्षकको हस्ताक्षर)

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

007NP01A-01